annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ३५४ पृष्ठ ८ | काठमाडौं, बुधबार १७ वैशाख २०८२ | वैशाख शुक्लपक्ष तृतीया नेपाल संवत् ११४५ | WEDNESDAY, APRIL 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी




# गेटा अस्पतालका उपकरण किन्दा भ्रष्टाचारै भ्रष्टाचार

समाचार पृष्ठ २

शिवराज भट्ट | *धनगढी*
- को रिपोर्ट

मुलुकका ६ प्रदेशमा सरकारी मेडिकल कलेज छन् तर ७ अर्बका पूर्वाधार बनिसकेको कैलालीको गेटामा मेडिकल कलेज बन्ने वा मेडिकल विश्वविद्यालय बन्ने भन्नेबारे कुनै टुंगो छैन । २०८० को कात्तिकदेखि ५० शयचाको अस्थायी अस्पताल चलिरहेको छ । तर, अस्पतालमा विशेषज्ञ जनशक्ति ल्याएर स्वास्थ्य सेवा दिनुभन्दा पनि त्यस अस्पतालमा उपकरण खरिदमा अनियमितता हुँदै आएको छ । यसपालि पनि झन्डै २८ करोडका उपकरण खरिदका लागि १७ वटा बोलपत्र प्रकाशित भएका छन् । ती बोलपत्रमा पनि चरम अनियमितताको प्रयास भएको छ । बोलपत्रहरू कुनै एक व्यापारीको हातमा पार्नका लागि उपकरण स्पेसिफिकेसनमा कम्पनीको नाम र मोडेल नम्बरसमेत राखिदिएपछि अनियमितता हुन लागेको खुलेको हो ।

## राउटे मुखियाको निधन



**हिक्मतबहादुर नेपाली** | *दैलेख*

नेपालको एकमात्र अन्तिम घुमन्ते-फिरन्ते राउटे समुदायका मुखिया सूर्यनारायण शाहीको मृत्यु भएको छ। अत्यधिक मदिरा सेवनका कारण उनको मृत्यु भएको हो। सुर्खेतको बराहताल गाउँपालिका-८ सोतखोला क्षेत्रमा बसोबास गर्दै आएको राउटे समुदायका मुखिया ४९ वर्षीय शाहीको सोमबार राति बस्तीमै मृत्यु भएको हो। राउटे बस्तीमा कार्यरत जोडी शिक्षक लालबहादुर खत्रीका अनुसार अत्यधिक मदिरा सेवनका कारण मुखिया शाहीको निधन भएको हो।

'वैशाख १ मा राउटेले धुमधामले नयाँ वर्ष मनाउँछन्, त्यसयता मुखिया शाहीले अत्यधिक मदिरा सेवन गरिरहेका थिए,' खत्रीले भने, 'मदिराकै कारण दुई/तीनदेखि बिरामी परेका मुखिया शाहीलाई उपचारका लागि लैजाने कुरा भइरहेको थियो, सोमबार साँझ निधन भयो।' बाह्य समुदायबाट राउटे बस्तीमा पुग्ने व्यक्तिहरूले राउटे मुखिया भन्दै पैसा दिने गरेका कारण पनि समस्या भएको उनको भनाइ छ।

राउटे समुदायले मुखिया शाहीको परम्पराअनुसार अन्त्येष्टि गरिसकेका छन्। राउटे समुदायमा कुनै व्यक्तिको निधन भएमा बस्ती सर्ने चलन छ। सोहीअनुसार उनीहरू बस्ती सर्ने तयारीमा छन्। मुखिया शाहीको निधनसँगै राउटेको जनसंख्या १ सय ३५ मा झरेको छ। तीन जना मुखिया रहेको राउटे समुदायका मुख्य मुखिया सूर्यनारायण थिए।

२०७२ ताका मुखिया चुनिएका उनी रास्कोटी शाही थरका हुन्। पछिल्लो केही वर्षयता राउटे समुदायको बालबालिकादेखि वृद्धसम्मका व्यक्तिहरूले बजारमा पाइने कमसल मदिरा (लिचीलगायत)को अत्यधिक सेवनका कारण ज्यान गुमाइरहेका छन्।

» बाँकी पृष्ठ ६

## ९ वर्षपछि भेटियो हराएको विश्व शान्ति मण्डला

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

विश्वकै सबैभन्दा ठूलो भनिएको 'विश्व शान्ति मण्डला' ९ वर्षपछि भेटिएको छ। काठमाडौं गोंगबुस्थित डेराबाट बरामद गरिएको उक्त मण्डला प्रहरीले लुम्बिनी विकास कोषको जिम्मा लगाउन तयारी गरिरहेको छ।

काठमाडौं जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक अपिलराज बोहराका अनुसार, नेपाल बौद्ध धर्म संरक्षण समितिका अध्यक्ष सूर्यबहादुर थकालीको कोठाबाट ८१ थान थाङ्का बरामद गरिएको हो। सिन्धुपाल्चोक लिसंखु गाउँपालिका-७ स्थायी घर भई हाल काठमाडौं-२६ बसोबास गरिरहेका ६४ वर्षीय थकालीबाट बरामद थाङ्का लुम्बिनी विकास कोषमा हस्तान्तरणको लागि प्रहरी परिसरमा राखिएको छ।

### गायब भएको इतिहास

विश्व शान्ति मण्डला सन् २०१६ मा जापान-नेपाल कूटनीतिक सम्बन्धको ६०औं वर्षगाँठको अवसरमा नेपाल ल्याइएको थियो। काठमाडौं, पोखरा र लुम्बिनीमा भव्य प्रदर्शनपछि मण्डला 'हराएको' थियो। यो हराइले नेपालको अन्तर्राष्ट्रिय छवि धुमिल बनाएको भन्दै लामो समयदेखि चिन्ता व्यक्त हुँदै आएको थियो।




### कसरी हरायो मण्डला ?

मण्डला नेपाल ल्याउने जिम्मा थकालीलाई दिइएको थियो। तर, प्रदर्शनपछि उनले सम्बन्धित निकायलाई नफिर्ता गरी आफ्नै नियन्त्रणमा राखे। थकालीले यो मण्डला भन्सार प्रक्रिया पूरा गरी नेपाल ल्याएको दाबी गर्दै लुकाएर राखेका थिए। अर्कोतर्फ, जापानी नागरिक काताागिरी याचुतादाले मण्डला आफ्नो भएको भन्दै पटक-पटक फिर्ता माग गर्दै आएका थिए।

काताागिरीले नेपाल सरकार, संस्कृति मन्त्रालय, प्रहरी प्रशासन र नेपाली दूतावासमार्फत अनेक प्रयास गर्दा पनि मण्डला फिर्ता हुन सकेको थिएन। अन्तत: ९ वर्षपछि प्रहरीको सक्रियतामा मण्डला बरामद गरिएको हो।

### अदालत र प्रशासनको संलग्नता

२०७६ मा जापानी नागरिक काताागिरीको तर्फबाट जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको थियो। त्यसपछि उच्च अदालत पाटनमा थकालीले अन्तरिम आदेश माग्दै निवेदन दिएका थिए। अदालतले दुवै पक्षलाई पर्यटन मन्त्रालयमा उपस्थित भएर छलफल गर्न निर्देशन दिएको थियो।

त्यसयता पटक-पटकको पत्राचार र प्रशासनिक प्रयासपछि २०८१ असार १० मा लुम्बिनी विकास कोषलाई थांका हस्तान्तरण गर्ने सहमति भएको थियो। तर थकालीले ढिलाइ गर्दा प्रहरीको हस्तक्षेप आवश्यक बन्यो।

### मण्डलाको अद्भुत कथा

सन् १९९४ मा जापानी नागरिक कितामुराको सोचबाट सुरु भएको मण्डला योजनामा सूर्य थकालीसमेत सुरुदेखि संलग्न थिए। 'घरजत्रो मण्डला' बनाउने कल्पनाबाट सुरु भएको अभियान जापानमा धार्मिक आतंकवादका कारण रोकिएको थियो।

तर जापानी नागरिक काताागिरी याचुतादाले योजना पुन: ब्यूँताउँदै एम-२१ नेटवर्क टोकियो नामक संस्था स्थापना गरे। उनले १६ देशका १० हजारभन्दा बढी स्वयंसेवक परिचालन गरी लगातार तीन वर्ष लगाएर ८१ टुक्रामा मण्डला तयार गरे। यो मण्डलाको आकार ७०×५० मिटर र तौल करिब २ टन छ।

» बाँकी पृष्ठ ६

## मोदीले दिए कश्मीरमा आक्रमणको जवाफ दिन सेनालाई 'परिचालन स्वतन्त्रता'

**नयाँ दिल्ली** (एजेन्सी) : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत साता कश्मीरमा भएको घातक आक्रमणको जवाफ दिन भारतीय सेनालाई 'अपरेसनल फ्रिडम' दिएको एक वरिष्ठ सरकारी स्रोतले मंगलबार एएफपीलाई जानकारी दिएको छ। स्रोतका अनुसार मोदीले सेना र सुरक्षा प्रमुखहरूलाई बन्द कोठामा भएको बैठकमा आतंकवादलाई ठूलो धक्का दिने भारतको राष्ट्रिय संकल्प भएको बताएका थिए।

मोदीले भने, 'कश्मीरमा सर्वसाधारणमाथि भएको आतंकवादी हमलाको हाम्रो प्रतिक्रियाको अवस्था, लक्ष्य र समयबारे निर्णय गर्न सशस्त्र बललाई पूर्णपरिचालन स्वतन्त्रता छ।'

एएफपीलाई सूचना दिने सरकारी स्रोतले आफूलाई मिडियासँग कुरा गर्ने अधिकार नभएको भन्दै नाम गोप्य राख्न भनिएको छ तर मोदीको टिप्पणीको रिपोर्ट भारतका केही प्रमुख अखबारहरूमा छापिएका समाचारसँग मिल्दोजुल्दो थियो।

गत अप्रिल २२ मा भारत प्रशासित कश्मीरमा २६ जनाको ज्यान जाने गरी भएको आक्रमणमा पाकिस्तानले वर्षौं यताकै सबैभन्दा घातक आक्रमणलाई समर्थन गरेको आरोप भारतले लगाएपछि आणविक शक्ति सम्पन्न दुई देशबीचको सम्बन्ध चिसिएको छ।

## कर्णालीले बनाउँदैछ गठिलो बजेट

**विस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट निर्माणको काम थालनी गरेको छ। प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित निकाय, मन्त्रालयका सचिव तथा कर्मचारीहरूबीच बजेट लक्षित छलफल गर्दै आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि तयारी थालेको हो।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले आगामी आर्थिक वर्षको बजेटकै तयारीका लागि ३१ अर्ब ५९ करोडको अनुमानित सिलिङ मन्त्रालयहरूमा पठाइसकेको बताए। उनले भने, 'चालु आर्थिक वर्षको बजेटमा ७५ प्रतिशत बजेट खर्च हुन्छ भन्ने अनुमानका आधारमा मन्त्रालयहरूलाई बजेट सिलिङ वितरण गरिसकेका छौं। मन्त्रालयहरूले पनि सोहीअन्तर्गत काम गरिरहेका छन्। हामीले पनि बजेटसँग सम्बन्धित विभिन्न विषयमा मन्त्रालयमा छलफल गरिरहेका छौं। अन्य सरोकारवालाहरूको पनि सुझाव लिइरहेका छौं।'




आर्थिक मामिला मन्त्रालयका अनुसार हरेक मन्त्रालयलाई चालु आर्थिक वर्षको बजेटभन्दा शून्य दशमलव ५ देखि ३ प्रतिशतसम्म बढाएर सिलिङ वितरण गरिएको हो। प्रदेश सरकारले चालु आर्थिक वर्षमा ३१ अर्ब ४१ करोड ४१ हजार बराबरको बजेट ल्याएको थियो। बजेट सिलिङ वितरणका आधारमा आगामी आर्थिक वर्षमा बजेटको आकार बढ्ने आकलन गरिएको छ। चालु आर्थिक वर्षको बजेट चैत मसान्तसम्म कुल बजेटको २७ प्रतिशतमात्रै खर्च भएको छ।

त्यसमा विकास बजेट २० प्रतिशतमात्रै कार्यान्वयनमा आएको छ। तर, अधिकांश योजनाहरूमा असारमा कार्यसम्पन्न हुने र भुक्तानी पनि असारमै धेरै हुने भएकाले चालु आर्थिक वर्षको कुल बजेटको ७५ प्रतिशत बजेट खर्च हुने अनुमान मन्त्रालयको छ।

अर्थमन्त्री शाहका अनुसार विगतमा बजेट निर्माण देखिएका कमजोरीलाई सुधार गर्दै नयाँ बजेट निकै वैज्ञानिक र सुधारिएर आउने दाबी गरे। उनले ससाना टुक्रे योजनाभन्दा पनि रणनीतिक योजनाहरूलाई प्राथमिकता दिने तयारी रहेको उनले बताए। उनले कर्णाली प्रदेशका १० वटै जिल्लामा ५० लाखभन्दा माथिका योजनाहरूमा मात्र बजेट केन्द्रित गरिने बताए। सरकारले आगामी आर्थिक वर्षका लागि प्रदेशको आन्तरिक आम्दानीबाट ८१ करोडको लक्ष्य राखेर रणनीति बनाइरहेको छ। नयाँ बजेटमा कार्यन्वयन गर्न सहज तथा परिणाममुखी योजना छनोटलाई प्राथमिक्ता दिइनेछ। मन्त्री शाहाले कर्णालीमा धमाधम खोलिएका सडकहरूमा यातायात सञ्चालन असज भइरहेको बताउँदै ट्र्याक ओपन भएका सडकहरूको स्तरोन्नतिमा जोड दिइने बताए। सरकारले आफ्नो आन्तरिक आम्दानी पनि कसरी वृद्धि गर्ने भन्ने विषयमा तयारी गरिरहेको छ। उनले भने, 'अहिलेको हाम्रो प्रदेश संघीय अनुदानको भरमा चलिरहेको छ। यसरी दीर्घकालीन रूपमा जाँदा समस्या हुन्छ। त्यसका लागि हाम्रो आन्तरिक आम्दानी कसरी बढाउन सकिन्छ भन्ने विषयमा छलफल गरिरहेका छौं। यहाँ मन्त्रालयमै राजस्व शाखा पनि स्थापना गरी त्यसबाट पनि थप प्रयासहरू भइरहेको छ।'

उनले आगामी आर्थिक बर्षको बजेट विगतभन्दा फरक, वास्तविकतामा आधारित र कर्णालीलाई सुहाउँदो आउनेमा आस्वस्त पारे। उनले भने, 'पूर्वाधार, रोजगारीमुखी, जनअपेक्षालाई सम्बोधन गर्ने, वन तथा कृषकलाई समेट्ने गरी बजेट ल्याइने छ। बजेट निर्माणको सन्दर्भमा विज्ञहरूसँग पनि बसेर छलफल भइरहेको छ। विगतमा वैशाख महिना लागेसँगै प्रदेश राजधानी वीरेन्द्रनगरमा योजना माग्नेहरूको भिड लाग्थ्यो।

» बाँकी पृष्ठ ६